जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बाग्लुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

पस: ०७९।०८०
च नं: ११६१

मिति: २०८९/१२/०५

श्री ............................................ शाखा
श्री वडा कार्यालयहरु सवै,
जैमिनी नगरपालिका वागलुङ ।

**विषय : निर्णय पठाईएको वारे ।**

प्रस्तुत विषयका सम्वन्धमा यस जैमिनी नगरपालिकाको मिति २०७९/११/२९ को कार्यपालिका वैठकको निर्णयहरुको प्रतिलिपी यसै पत्र साथ संलग्न राखी पठाईएको छ । आफ्नो शाखा वा कार्यालय सँग सम्वन्धित निर्णयहरु कार्यन्वयन गर्न /गराउनु हुन अनुरोध छ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :

१) श्री नगर प्रमुख ज्यू जै. न. पा. जानकारिको लागी ।
२) श्री नगर उप-प्रमुख ज्यू जै. न. पा. जानकारिको लागी ।

आज मिति २०७९ साल फागुन २९ गते सोमवारका दिन जैमिनी नगरपालिकाका नगर-प्रमुख श्री नर बहादुर पुनज्यूको अध्यक्षतामा दोश्रो नगर कार्यपालिकाको १४औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति</u>

प्रमुख श्री नर बहादुर पुन

उप-प्रमुख श्री हरिहर शर्मा

वडा अध्यक्ष वडा नं. १ श्री विष्णु प्रसाद आचार्य

वडा अध्यक्ष वडा नं. २ श्री प्रेम सापकोटा

वडा अध्यक्ष वडा नं. ३ श्री कृष्ण बहादुर भुजेल

वडा अध्यक्ष वडा नं. ४ श्री चक्र बहादुर थापा

वडा अध्यक्ष वडा नं. ५ श्री ठग बहादुर क्षेत्री थापा

वडा अध्यक्ष वडा नं. ६ श्री कृष्ण बहादुर थापा

वडा अध्यक्ष वडा नं. ७ श्री केन्द्र बहादुर सुनार

वडा अध्यक्ष वडा नं. ८ श्री बिमल श्रीस राना

वडा अध्यक्ष वडा नं. ९ श्री सन्दिप थापा

वडा अध्यक्ष वडा नं. १० श्री श्रीप्रसाद थापा

कार्यपालिका सदस्य श्री भगवती शर्मा सापकोटा

कार्यपालिका सदस्य श्री चिन्तामणि दर्जी

कार्यपालिका सदस्य श्री दुर्गा देवी पाध्या

कार्यपालिका सदस्य श्री लाल बहादुर परियार

कार्यपालिका सदस्य श्री भरत वि. क.

कार्यपालिका सदस्य श्री शान्तकला शर्मा

कार्यपालिका सदस्य श्री गीता कुमारी वि.क.

कार्यपालिका सदस्य श्री शान्ती सुनार

सचिव (प्रमुख प्रशासकीय अधिकृत) श्री चेतनाथ गिरी

# बैठक कार्यसूची

१. अघिल्ला बैठकको समीक्षा सम्बन्धमा ।
२. आयोजना संशोधनका लागि संघीय सरकारसँग अनुरोध गरी पठाउने सम्बन्धमा ।
   I. भानुङ धारादी खानेपानी आयोजना, जामुने, म्याग्दी (बजेट रकम रु. २०,००,०००।-) ।
३. आर्थिक विकास समितिको मिति २०७९।०९।२४ को बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
४. क्रसर उद्योग संचालनको लागि अनुमती दिने सम्बन्धमा ।
५. घर विहीन सूचीकृत सम्बन्धमा ।
६. खेलकुद तर्फको विनियोजित रकम बाँडफाँड सम्बन्धमा ।
७. श्री जनचेतना बाल विकास केन्द्र जैदी – १ को लागि तारजाली उपलब्ध गराउने सम्बन्धमा ।
८. वडा नं. १० को फुटकर आयोजना स्वीकृत गर्ने सम्बन्धमा ।
९. जैमिनी नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९ छलफल गरी पारित गर्ने सम्बन्धमा ।
१०. पालिकाको हाल सम्मको आय र व्यय विवरण प्रस्तुत गर्ने सम्बन्धमा ।
११. चालु आ.व. २०७९/०८० को नगर विकास योजना, संघीय/प्रादेशिक सशर्त आयोजनाको प्रगति अवस्थाको समीक्षा सम्बन्धमा ।
१२. विविध
   I. आ.व. २०७८/०७९ को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फको कन्टिनजेन्सी रकम सम्बन्धमा ।

<u>निर्णयहरु</u>

१. यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो। आगामि दिनमा अझ प्रभावकारी र चुस्त ढंगले कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. नेपाल सरकारबाट स्वीकृत सशर्त तर्फको कार्यक्रम मध्ये देहाय बमोजिमको कार्यक्रमको नाम र ठेगाना फरक परेकोले उक्त कार्यक्रमको नाम र ठेगाना संशोधनको लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | स्वीकृत कार्यक्रमको नाम र ठेगाना | ब. उ. शि. नं. | संशोधन गरी कायम हुनुपर्ने कार्यक्रमको नाम र ठेगाना | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | भानुङ धारादी खानेपानी आयोजना, जामुने, म्याग्दी | ८०१०४१२३ | मादी एकराते खानेपानी आयोजना वडा नं. ४, सर्कुवा, जैमिनी न.पा. बागलुङ | २०,००,०००।- | |

३. आर्थिक विकास समितिको मिति २०७९।०९।२४ को बैठकबाट देहाय बमोजिम निर्णयहरु भएकोले उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय:

१. आ.व. २०७९/०८० का संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत नयाँ बंगुर पकेट विकास कार्यक्रम संचालन यस जैमिनी नगरपालिकाको नगरपालिका वडा नं. ८ र १० मा संचालन गर्ने ।

२. आ.व. २०७९/०८० का संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत नयाँ मकैबाली पकेट विकास कार्यक्रम यस जैमिनी नगरपालिका वडा नं. ४ र ५ मा संचालन गर्ने ।

३. राष्ट्रिय कृषि जैविक विविधता बर्ष एवं राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाउने सम्बन्धमा मिति २०७९।०९।२० मा प्राप्त पत्र अनुसार मिति २०७९।१०।०१ देखि २०७९।१०।०७ गते सम्म सप्ताहव्यापी रुपमा तपसिल अनुसारका कार्यक्रम संचालन गरी मनाउने ।

तपसिल:

१. २०७९।१०।०१ गते यस जैमिनी नगरपालिका वडा नं. ३ बाट जैमिनी न.पा. वडा नं. २ मा संचालन हुने माघेसक्रान्ती मेलामा रैथाने बालीका परिकार प्रदर्शन गर्ने ।

२. २०७९।१०।०१ गते विविध कार्यक्रम सहित राष्ट्रिय कृषि जैविक विविधता बर्ष एवं राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाउने ।

४. जैमिनी नगरपालिकाको वडा नं. ९ रुम्टा र वडा नं. ६ सुम्साघाटमा अस्थायी क्रसर उद्योग संचालन गर्न इजाजत दिने सम्बन्धमा नगरपालिकाको राजस्व परामर्श समितिको सो सम्बन्धी निर्णयलाई समेत आधार मानी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय:

१. जैमिनी नगरपालिकाको वडा नं. ९ मा क्रसर उद्योग स्थापनाको लागि इजाजत माग गरी कानून बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको काजजात समेत राखि जैमिनी क्रसर उद्योग जैमिनी - ९ रुम्टाका प्रोप्राइटर श्री विक्रम श्रीसले नगरपालिकामा निवेदन पेश गरेकोमा अस्थायी इजाजत पत्र प्रदान गर्ने । साथै कुनै कारणवस उक्त क्रसर उद्योग मार्फत् उत्पादित सामाग्रि गुणसतरहीन भएमा तथा उद्योगबाट कानून विपरित कार्य गरेमा नगरपालिकाको कार्यालयले त्यसरी प्रदान गरिएको इजाजत पत्र खारेज समेत गर्न सक्ने अधिकार समेत यसै निर्णयका साथ सुरक्षित राख्ने ।

२. जैमिनी नगरपालिकामा संघीय सरकारबाट संचालित राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरको सुम्साघाटमा कालीगण्डकी नदीमा पक्की पूल निर्माण र नगरपालिकाको अति महत्वपूर्ण दुईवटा प्रदेशलाई जोड्ने कुश्मीसेरा राङखानी बरेङ शान्तिपुर सडक निर्माणको लागि आवश्यक निर्माण सामाग्रि तयार गर्नको लागि निर्माण व्यवसायी श्री हिराचन क्याराभान जे.भी. गोपीकृष्ण, काठमाण्डौ (प्रोप्राइटर चन्द्र प्रकाश थकाली) ले अस्थायी क्रसर संचालन गर्न पहिला लिएको इजाजत नविकरण गर्न माग गरी निवेदन दिएकोमा जैमिनी नगरपालिकाको वडा नं. ६ को सुम्साघाटमा अस्थायी क्रसर उद्योग स्थापनाको लागि

दिइएको इजाजत उक्त गौरवका आयोजनाहरु सम्पन्न नभएसम्मको लागि (उत्पादित सामाग्रि सोही आयोजनाहरुमा मात्र प्रयोग गर्ने गरी संचालन गर्ने सहमति अनुसार) नविकरण गर्ने निर्णय गरियो ।

५. जैमिनी नगरपालिकाभित्र स्थायी बसोबास गर्ने तर नगरपालिका वा अन्यत्र कतै आफ्नो घर नभएका र नगरपालिकाको घर विहीन सूचीमा सूचीकृत नभएका व्यक्तिहरुको जैमिनी नगरपालिकाको घरबार विहीनहरुको आवास निर्माण सम्बन्धी कार्यविधि, २०७५ को परिधिभित्र रही नगरपालिकाको घर विहीन सूचीमा सूचीकृत गर्नको लागि प्रत्येक वडाबाट त्यस्ता व्यक्तिहरुको विवरण संकलन गरी १० दिन भित्र नगरपालिकामा पेश गर्नको लागि सूचना जारी गर्ने निर्णय गरियो ।

६. नगर विकास योजना अन्तर्गत आ.व. २०७९/०८० को खेलकुद तर्फको स्वीकृत बजेट रु.५,००,०००।- बाट देहाय बमोजिमका क्रियाकलापमा रकम बाँडफाँड भई भएको खर्च अनुमोदन र थप रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

देहाय:

१. जैमिनी नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गर्न व्यवस्थापन तथा निर्देशन समितिको निर्णय अनुसार विनियोजन भई खर्च भएको रकम रु. १,५०,०००।- (अक्षरुपी एक लाख पचास हजारमात्र) अनुमोदन गर्ने ।

२. जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा नगरपालिकाका खेलाडीहरु सहभागिता गराउँदा खर्च भएको रकम रु. १,६१,०००।- (अक्षरुपी एक लाख एकसठ्ठी हजारमात्र) अनुमोदन गर्ने ।

३. गलकोट नगरपालिकाबाट संचालित दोस्रो मेयर कप प्रतियोगितामा जैमिनी भलिबल संघबाट नगरपालिकाका खेलाडी सहभागी गराइएकोमा रु. २५,०००।- (अक्षरुपी पच्चिस हजारमात्र) जैमिनी भलिबल संघलाई भुक्तानी दिने ।

४. पर्वतको कुश्मामा संचालित सातौं पर्वत महोत्सवमा जैमिनी भलिबल संघबाट नगरपालिकाका खेलाडी सहभागी गराइएकोमा रु. २५,०००।- (अक्षरुपी पच्चिस हजारमात्र) जैमिनी भलिबल संघलाई भुक्तानी दिने ।

५. लखन कप बागलुङमा संचालित भलिवल प्रतियोगितामा जैमिनी भलिवल संघबाट नगरपालिकाका महिला खेलाडी सहभागी गराइएकोमा रु. १८,०००।- (अक्षरुपी अठार हजारमात्र) जैमिनी भलिबल संघलाई भुक्तानी दिने ।

७. श्री जनचेतना बाल विकास केन्द्र, जैमिनी न.पा.-७ जैदीमा तारजाली लगाई घेरावार गर्नुपर्ने भएकोले उक्त कार्यको लागि प्राविधिकबाट लागत अनुमान तयार गरी सो अनुसार आवस्यक तारजाली नगरपालिकाको तारजाली खरिद शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

८. जैमिनी नगरपालिका वडा नं. १० बाट वडा समितिको बैठकको निर्णय सहित स्वीकृतको लागि नगर कार्यपालिकामा पेश भएको चालु आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसारको फुटकर योजना (रु. ३,००,०००।-) लाई देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय:

१. राङखानी स्वास्थ्य चौकी भवन छाना मर्मत सम्भार कार्यक्रम रु. ५०,०००।-

२. शंकर प्राथमिक विद्यालय कम्पाउण्ड घेरावार कार्यक्रम रु. १,००,०००।-

३. जनजागृति प्राथमिक विद्यालय फर्निचर व्यवस्थापन रु. ५०,०००।-

४. कृषि तथा पशु विकास कार्यक्रम रु. ५०,०००।-

५. राङखानी हुलाक भवन फर्निचर तथा फर्निसिङ रु. ५०,०००।-

९. जैमिनी नगरपालिकाको जलस्रोत तथा सुहान दर्ता कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

१०. नगरपालिकाको आ.व. २०७९/०८० को हाल सम्मको आय र व्यय विवरण प्रस्तुत गरियो । जस अनुसार हालसम्म आम्दानी तर्फ रु. ४७,५२,११,८४१।४९ र खर्च तर्फ रु. ३०,३८,३१,६१३।८० भएको पाइयो । हाल सम्म चालु खर्च तर्फ रु. २२,६५,०६,६१५।८० (४९.४५ प्रतिशत) र पूँजीगत खर्च तर्फ रु. ७,७३,२४,९९८।- (२३.२७ प्रतिशत) वित्तीय प्रगति भएको पाइयो ।

११. चालु आ.व. २०७९/०८० को नगर विकास योजना, संघीय/प्रादेशिक सशर्त आयोजनाको हाल सम्मको प्रगति समीक्षा गरियो । जस अनुसार दोस्रो चौमासिक अवधिसम्म आइपुग्दा विभिन्न पूर्वाधारजन्य आयोजनाहरु ११८ सम्पन्न भैसकेका, ७ वटा ठेक्कापट्टाका आयोजनाहरु सम्झौता भई संचालनमा रहेका, लक्षित वर्ग, सामाजिक समावेशीकरण, सामाजिक क्षेत्रतर्फ १२ र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ (गत आ.व. का क्रमागत समेत) ३ वटा भवन निर्माण सम्पन्न भएको पाइयो । कृषि तथा पशु विकास तर्फ स्वीकृत नियमित कार्यक्रमहरु संचालन भैरहेका, औषधी, विउविजनहरु उपलब्ध गराइएको, कृषक लक्षित विभिन्न अनुदान दिने प्रकारका कार्यक्रमहरुको सूचना प्रकाशन गरी माग संकलन भैसकेको र छनौटको प्रक्रियामा रहेको छ । स्वास्थ्य तर्फ स्वीकृत वार्षिक कार्यक्रमहरुको ६० प्रतिशतसम्म कार्य सम्पादन भएको देखियो । सामाजिक विकास तर्फ अपाङ्गता परिचयपत्र वितरण, विपन्न आर्थिक सहायता लगायतका कार्यक्रम नियमित संचालनमा रहेका, सुरक्षित नागरिक आवास र घरवार विहीनहरुको घर निर्माण, फुसका छाना विस्थापन कार्यक्रम नियमित संचालनमा रहेको पाइयो । सामाजिक सुरक्षा भत्ता वितरण प्रत्येक वडामा नै गई समयमै वितरण गरिएको पाइयो । आन्तरिक आय लक्ष्यको तुलनामा अपेक्षित संकलन हुन नसकेको देखियो । प्रधानमन्त्री रोजगार कार्यक्रम, सुरक्षित वैदेशिक रोजगार कार्यक्रम, खानेपानी तथा सरसफाई, झोलुङ्गेपुल, स्वास्थ्य, शिक्षा, कृषि, पशु तर्फका लक्षित कार्यक्रमहरुको प्रगति सन्तोषजनक रहेको पाइयो ।

समग्रमा जैमिनी नगरपालिकाबाट निशर्त र सशर्त तर्फ स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरको समीक्षा गर्दा करिब ३० प्रतिशत योजना तथा कार्यक्रम सम्पन्न भई भुक्तानी भैसकेको, अधिकांश योजना तथा कार्यक्रमहरु भुक्तानीको प्रक्रियामा रहेको र ठेक्कापट्टा र सशर्त अनुदानबाट प्राप्त हुने आयोजनाहरु मध्ये कतिपय आयोजनाहरु संचालनमा रहेका कारण अपेक्षित रुपमा पूँजीगत खर्च हुन नसकेको देखिएतापनि २०७९ चैत्र मसान्तसम्म नगरपालिकाबाट स्वीकृत निशर्त तर्फका विनियोजित योजना तथा कार्यक्रमहरु सम्पन्न गर्न आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी अनुगमन मूल्याङ्कन गर्दै अनुगमन समिति, कार्यपालिका

सदस्यहरु, वडा समितिका सदस्यहरु, प्राविधिक तथा अन्य कर्मचारीहरुबाट थप पहल गरी तोकिएको समयमा योजना तथा कार्यक्रमहरु सम्पन्न गर्न आवश्यक कार्यगर्ने निर्णय गरियो ।

१२. विविध:

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आ.व. २०७८/७९ को कार्यक्रम कार्यान्वयन पुस्तिका को बुँदा नं. १.२ कार्यक्रम कार्यान्वयन मार्गदर्शनको 'र' मा "सशर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई स्थानीय तह मार्फत् विद्यालयलाई उपलब्ध हुने अनुदान रकममा कन्टिनजेन्सी बापतको रकम कट्टा नगरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा उपलब्ध गराउनु पर्नेछ" भन्ने व्यवस्था भएकोमा नगरपालिकाले विद्यालयसँग उक्त कार्यक्रम अन्तर्गत विद्यालय भवन ४ कोठे र २ कोठे निर्माणको लागि लागत अनुमान तयार र सम्झौता गर्दा ५ प्रतिशत कट्टा गरी गरिएकोमा उक्त रकम समेतको थप कार्य गराई त्यसरी कट्टा गरिएको कन्टिनजेन्सी रकम विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।